# परोपकारी राहत कोष, डेनमार्क

(स्थापना: ४ जुन २०१४)

## प्रस्तावना

डेनमार्कमा स्थाई रुपमा बसोबास गर्ने नेपालीहरुको संख्या दिन प्रतिदिन बढ्दो अवस्थामा रहेको वर्तमान परिस्थितलाई मध्यनजर गर्दै भावी दिनमा यो बढ्दो संख्या भित्र आईपर्ने दैविक प्रकोप, भौतिक प्रकोप लगायतका विभिन्न मानविय समस्या संग जुध्न एकल प्रयास पर्याप्त र उपलब्धिमुलक नहुने जसको लागि सामुहिक प्रयासको आवश्यकता पर्ने वास्तविकता लाई मनन गर्दै सम्पूर्ण नेपालीको प्रतिनिधित्व गर्ने नेपालीको लागि नेपाली भन्ने महान मुल मन्त्रलाई आफ्नो कर्म बनाएको गैर आवासीय नेपाली संघ, डेनमार्कको तत्वावधानमा डेनमार्कमा बसोबास गर्ने नेपाली समुदायको सामुहिक योगदान मार्फत आकस्मिक सहायताको निम्ति एक सामुदायिक कोषको स्थापनाको टट्कारो आवश्यकता देखिएकोले गैर आवासीय नेपाली संघ, अन्तराष्टिय समन्वय परिसदका अध्यक्ष श्री शेष घले, संस्तापक अध्यक्ष डा. उपेन्द्र महतो तथा डेनमार्कका लागि नेपाली राजदुत महामहिम श्री मुक्तिनाथ भट्ट ज्यूहरुबाट संयुक्तरुपमा ४ जुन २०१४ मा उद्घाटन भयो ।

कोषको स्थापना , उद्यश्य तथा व्यवस्थापन निम्न बमोजिम रहने छ ।

## संचालक समिति

१. यो आपतकालिन कोष संचालनको पूर्ण स्वामित्वका साथै प्रतक्ष्य निगरानिको अधिकार गैर-आवासिय नेपाली संघ राष्ट्रिय समन्वय परिषद डेनमार्कलाई रहेको छ ।

२. गैर-आवासिय नेपाली संघ राष्ट्रिय समन्वय परिषद डेनमार्कमा बहाल रहदाको पदिय जिम्मेवारी अनुसारको भुमिका यस कोषको संचालक समितिमा रहनेछ । तथा कार्यसमितिमा नै यस कोष संचालनको पूर्णाधिकार रहने हुँदा यहाँबाट केन्द्रमा प्रतिनिधित्व गर्ने आइ.सि.सि सदस्य तथा एन.सि.सि अध्यक्ष यस कोषको गोल्ड मेम्वर तथा अन्य कार्य समितिका पदाधिकारी तथा सदस्यहरु सिल्भर मेम्वर अनिवार्य हुनु पर्नेछ ।

३. गैर-आवासिय नेपाली संघ डेनमार्कबाट गैर-आवासिय नेपाली संघ अन्तराष्ट्रिय समन्वय परिषदमा नेतृत्व गर्ने प्रतिनिधि प्रमुख सल्लाहकार रहनेछ ।

४. गैर-आवासिय नेपाली संघ डेनमार्क २०१२-२०१४ यस परोपकारी कोषको संस्थापक समिति रहने छ साथै उक्त परिषदका अध्यक्ष यस कोषको लागि स्थाई सल्लाहकार रहिरहने छन्।

५. यस आपतकालिन कोषको आर्थिक पारदर्शिताको मुल्यांकन गर्ने अधिकार गैर-वासिय नेपाली संघ राष्ट्रियस्त समन्वय परिषद डेनमार्कमा बहाल रहेको लेखा समितिमा रहने छ।

५.१ लेखा समितिलाई आफुलाई लागेको समयमा आपतकालिन कोषको आर्थिक पारदर्शिताको अनुगमन गर्न सको छ। यसरी लेखा समितिले मागेको समयमा आर्थिक प्रतिवेदन बुझाउनु पर्दिय जिम्मेवारी लिने पदाधिकारीको पहिलो कर्तव्य हुनेछ।

**कार्यसंचालन विधि**

१. यस आपतकालिन कोषको गैर-आवासिय नेपाली संघ राष्ट्रिय समन्वय परिषदको पूर्ण स्वामित्व रहने गरी छुट्टै बैंक खाता हुने छ।

१.१ यस कोषको रकम गैर-आवासिय नेपाली संघ डेनमार्कको दैनिक खर्चमा प्रयोग गर्न पाईने छैन।

१.२ यस आपतकालिन कोषको खाता संचालन अध्यक्ष र कोषाध्यक्षबाट हुनेछ।

२. यस आपतकालिन कोषको मापदण्ड भित्र पर्ने जो कोहि पिडितले वा पडितको आफन्तले गैर-आवासिय नेपाली संघ राष्ट्रिय समन्वय परिषद डेनमार्कका अध्यक्षलाई सम्बोधन गरि निवेदन दिनु पर्ने छ।

२.१ पिडित व्यक्ति नेपाली वा नेपाली मुलको हुनु अनिवार्य हुनेछ।

२.२ निवेदक पिडितको पिडाको प्रकृति हेरी बढिमा १५ दिन भित्र कोष संचालक समितिको बैठक बोलाउनु पर्ने छ वा घटनाको सम्बेदनसीलतालाई ध्यानमा राखि कार्यसमितिस्वर्यले सहयोगको आवश्यकता हेरि निर्णय लिन सक्नेछ।

२.३ यसरी बस्ने आपतकालिन कोषको बैठकमा अध्यक्ष बाट पिडितको निवेदन पेश हुनेछ।

२.४ यदि कुनै कारणबस मत बाझिने अवस्था आएमा कार्यसमितिको पूर्ण संख्याको दुईतिहाई सदस्यहरुको बहुमतको निर्णय मान्य हुनेछ।

२.५ यसरी निर्णय गर्दा अध्यक्षको भुमिका निर्णयक मत रहने छ।

२.६ यस आपतकालिन कोष संचालन समितिको निर्णय नै अन्तिम हुनेछ।

**कार्य क्षेत्र**

१. कुनै पनि नेपाली वा नेपाली मुलको नागरिकको डेनमार्क बसोवासको क्रममा मृत्यु भएमा परिवार वा आफन्तजनको राय बुझि लासलाई यहि वा नेपाल लगेर दाहसंस्कार गर्ने क्रममा लाग्ने खर्चमा सहयोग गर्न सकिने छ ।

२. कुनै पनि नेपाली वा नेपाली मुलको नागरिकलाई डेनमार्क बसोवासको क्रममा गम्भिर किसिमको रोग लागी डाक्टर बाट प्रमाणित भएको अवस्थामा यदि यहाँ भन्दा बाहिर जाँदा उपचार सहज हुने देखिएमा सहयोग गर्न सकिने छ । उदाहरणको लागि मृगौला प्रत्यारोपण सम्बन्धि कार्यको लागि नेपाल र इन्डियामा सहज हुने भए सोहि बमोजिम ।

३. नेपाली वा नेपालीमुलको नागरिक कुनै कारण यहाँको कठघरा वा कारावासमा परेको खण्डमा उस माथि लगाएको आरोपको प्रकृति हेरी यदि कानुनी उपचारबाट मुक्त हुने सम्भावना भए कानुनी उपचारमा सहयोग गर्न सकिने छ ।

४. कुनै पनि नेपाली वा नेपाली मुलको नागरिक डेनमार्कको बसोवासको क्रममा कुनै किसिमको जटिल रोग लाग्यो उपचारको क्रममा उसको उपचार असम्भव भएको जानकारी डाक्टरबाट आएको अवस्थामा रोगीका साथै परिवारजनको चाहाना नेपाल जान रहेमा सहयोग गर्न सकिनेछ ।

~~५. डेनमार्कमा बसोवास गर्ने नेपाली वा नेपाली मुलको कुनै पनि व्यक्ति परिवारलाई आई पर्ने दैविक प्रकोप दुर्घटना जस्ता मानविय समस्या परेमा निवेदन गर्न आएमा सहयोग गर्न सक्नेछ ।~~

~~६. यस आपतकालिन कोष मुख्य गरेर डेनमार्कमा बसोवास गर्ने नेपालीहरु प्रति लक्षित भए पनि बेला बेला हाम्रो जन्मभुमि नेपालमा आईपर्ने दैविक प्रकोपको बेला आवस्यकता हेरि सहयोग गर्न सकिने छ ।~~

## कोषको आयश्रोत

१. यस कोषको प्रमुख आयश्रोत भनेको बर्गिकृत सदस्यहरुको सदस्यता शुल्क हुनेछ । उक्त बर्गिकृत सदस्यहरु निम्न अनुसार हुनेछ ।

| | |
|---|---|
| क) ५००० क्रोनर भन्दा माथि सहयोग गर्ने | Platinum member |
| ख) २५०० देखि ४९९९ क्रोनर सम्म सहयोग गर्ने | Gold Member |
| ग) १५०० देखि २४९९ क्रोनर सम्म सहयोग गर्ने | Silver Member |
| घ) १०० देखि १४९९ क्रोनर सम्म सहयोग गर्ने | General Member |

२. विभिन्न संघ संस्था व्यवसाहि तथा व्यक्तिहरुबाट प्राप्त चन्दा, दान-दातव्य, तथा अनुदान सहयोग हुनेछ ।

३. एन.आर.एन डेनमार्क सहित विभिन्न संघ संस्थाद्वारा आयोजित तथा संचालित सांस्कृतिक, सांगितिक लगाएतका कार्यक्रम बाट प्राप्त बचत आम्दानी ।

पुनश्च:

यस कार्यविधिमा लेखिएका शब्द वा वाक्यले कुनै कुरालाई स्पष्ट गर्न नसकेको अवस्थामा आउने अन्यौलतालाई फुकाउने अधिकार गैर-आवासिय नेपाली संघ राष्ट्रिय समन्वय परिषद डेनमार्कलाई रहने छ। यस उपर कहीं कतै उजुर गर्न पाईने छैन ।